


PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

eprateekdaily.com

कोभिड-१९ को सङ्क्रमणबाट आफू बचौं र अरूलाई पनि बचाऔं, सङ्क्रमितहरूको उच्च मनोबल राख्न हौसला प्रदान गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७८ असार ०९ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 June 23 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २९५

## "जनता आवास कार्यक्रम"

# पर्सामा सुरुआतदेखि अहिलेसम्म अपूरो

प्रस, वीरगंज, ८ असार/

जनता आवास कार्यक्रम अन्तर्गत पर्सा जिल्लामा २०७३/७४ मा सञ्चालित कार्यक्रम पनि अहिलेसम्म सम्पन्न हुन सकेको छैन ।

प्रदेश २ सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय, शहरी विकास तथा भवन कार्यालय, जनता आवास कार्यक्रम कार्यान्वयन एकाइ वीरगंजका निमित्त प्रमुख राजेन्द्र साहले आव २०७३/७४ मा ९९० वटा घर निर्माण शुरू भएकोमा ७५२ वटा मात्र घर निर्माण भई हस्तान्तरण भएको र २४८ वटा घर हस्तान्तरण हुन बाँकी रहेको बताए ।

उनले तत्कालीन पर्साका पाँचवटा निर्वाचन क्षेत्रमा ९९० वटा घर निर्माणको काम शुरू गरिएको र सोको लागि रु २१ करोड ४७ लाख बजेट आएकोमा अहिलेसम्म रु २० करोड ३० लाख ६३ हजार २६० खर्च भएको र रु १ करोड १६ लाख ३६ हजार ७४० भुक्तानी हुन बाँकी रहेको जानकारी गराए ।

उनले पहिलो चरणको जनता आवास कार्यक्रम अन्तर्गत चार किस्तामा भुक्तानी भएकोमा जग खन्नको लागि २५ प्रतिशत, डिपिसी कार्य गर्न ३० प्रतिशत, गारो लाउन ३५ प्रतिशत र चौथो किस्ताबापत छाना, झ्याल, ढोका र शौचालय सम्पन्न गर्न १० प्रतिशत रकम विनियोजित भएको बताए ।

उनले तत्कालीन पर्साको क्षेत्र नं १ मा १९७ वटा घर निर्माणको लागि पहिलो किस्ताबापतको रकम बुझ्ने काम भएकोमा दोस्रो र तेस्रो किस्ता १९१ जनाले मात्र उठाएको र चौथो किस्ता १८६ जनाले मात्र लिएको बताए । यसैगरी, क्षेत्र नं २ मा २ सय घरले पहिलो किस्ता, १९८ घरले दोस्रो किस्ता, १९७ घरले तेस्रो र १६२ जनाले चौथो किस्ता लिएको बताए ।

क्षेत्र नं ३ मा १९७ घरले पहिलो किस्ता, १८७ घरले दोस्रो किस्ता, १८० घरले तेस्रो किस्ता र १५५ घरले मात्र चौथो किस्ता लिएको निमित्त प्रमुख साहले जानकारी गराए ।

क्षेत्र नं ४ मा १९७ जनाले पहिलो, दोस्रो र तेस्रो किस्ता लिए पनि १५१ जनाले मात्र चौथो किस्ता उठाएको उनले बताए । क्षेत्र नं ५ मा १९९ घरले पहिलो किस्ता, १९८ घरले दोस्रो किस्ता, १८३ घरले तेस्रो र ९८ घरले मात्र चौथो किस्ता उठाएको उनले बताए ।

पहिलो चरणको जनता आवास कार्यक्रम सम्पन्न हुन बाँकी रहेको र दोस्रो चरणको आव २०७५/७६ मा २ सय घर निर्माण भइरहेकोमा अहिलेसम्म १४८ वटा घर मात्र पूर्णरूपमा तयार भएर हस्तान्तरण भएको छ ।

दोस्रो चरणको जनता आवास कार्यक्रम अन्तर्गत पर्सा जिल्लाका जीराभवानी, कालिकामाई, सखुवाप्रसौनी, पकाहामैनपुर गाउँपालिका, वीरगंज महानगर, बहुदरमाई, पर्सागढी नगरपालिका गरी १२ स्थानमा घर निर्माण भइरहेको उनले बताए ।

२ सय घर निर्माणको लागि रु ४ करोड ३४ लाख ७८ हजार बजेट सङ्घ सरकारबाट प्राप्त भएकोमा पहिलो किस्तामा १ करोड ८४ लाख ६३ हजार १५७ रुपैयाँ घर निर्माणको लागि भुक्तानी भएको र दोस्रो किस्ताबापत १४८ घरले २ करोड ४८ लाख ६४ हजार रुपैयाँ बुझेको तर तेस्रो किस्ताबापत तीनवटा घरले मात्र १ लाख ५१ हजार २ सय रुपैयाँ मात्र बुझेको उनले बताए ।

दोस्रो चरणको जनता आवास कार्यक्रम अन्तर्गत २ करोड ३७ लाख २१ हजार रुपैयाँ भुक्तानी हुन बाँकी रहेको उनले जानकारी गराए ।

किस्ता लैजाने तर काम नगर्ने प्रवृत्तिले पहिलो चरण र दोस्रो चरणको घर निर्माणमा ढिला भएको उनको भनाइ छ । निमित्त प्रमुख साहले किस्ता बुझेर घर निर्माण नगर्नेहरूलाई निरन्तर ताकेता गर्दै आएको बताए ।

प्रदेश सरकार, मन्त्रालय स्तर र आफूसमेत गरी तीन चरणमा अनुगमन भइरहेको उनले जानकारी गराए ।





अधूरो निर्माण अवस्थामा रहेका जनता आवास कार्यक्रम अन्तर्गतका घरहरू। तस्वीर: प्रतीक

जनता आवास कार्यक्रम अन्तर्गत पर्सा जिल्लामा दुई चरणमा बनिरहेका घरहरूमा शौचालय बनाइएको छैन । जनता आवास कार्यक्रम कार्यन्वयन एकाइले चौथो किस्ताको रकम अन्तर्गत छाना, झ्याल, ढोका र शौचालय निर्माणको लागि बजेट विनियोजन गरे पनि सम्बन्धित घरधनीहरूले शौचालय बनाएका छैनन् । घरको डिजाइनमा २ वटा कोठा, बरन्डा मात्रै रहेको र शौचालय डिजाइनमा नपरेकोमा घरधनीले बनाउनुपर्ने जिम्मेवारी तोकिएको कारण दुई चरणमा करीब १२ सय घर बन्ने कार्यक्रम रहे पनि एउटा पनि शौचालय बनेको छैन ।

निमित्त प्रमुख साहले शौचालय बनाउने जिम्मेवारी घरधनीको भएको बताए । उनले कसैले पनि शौचालय नबनाएको कुरालाई स्वीकारे ।

## छोटकरी

### नगरप्रमुख साहविरुद्ध प्रदर्शन

प्रस, रौतहट, ८ असार/

मौलापुर नगरपालिकाकी प्रमुख रीनाकुमारी साहविरुद्ध प्रदर्शन भएको छ । एमाले माधव समूह र जसपाका उपेन्द्र यादव समूहका स्थानीय नेता, कार्यकर्ताले मौलापुर नगरपालिकाकी प्रमुख साहविरुद्ध मङ्गलवार प्रदर्शन गरेका हुन् ।

उनीहरूले प्रमुख साहले नगरपालिकामा व्यापक आर्थिक अनियमितता गरेको आरोप लगाएका छन् । वडाध्यक्ष रामप्रवेश यादवले नगरपालिकामा आर्थिक अनियमितता चरमसीमामा बढेको आरोप लगाए ।

# वीरगंज महानगरले ३ अर्बको बजेट ल्याउँदै

राधेश्याम पटेल, परवानीपुर, ८ असार/

वीरगंज महानगरले असार १०, ११ र १२ गते गर्ने नगरसभाको नौं अधिवेशनबाट आगामी आर्थिक वर्ष २०७८/७९ को लागि करीब रु ३ अर्बको बजेट ल्याउने तयारी गरेको छ । महानगरका लेखापरीक्षक हरिशङ्कर कुर्मीले रु २ अर्ब ८० करोडदेखि ३ अर्बको बजेट आउने बताए । जसमा आन्तरिक स्रोतबाट रु ६० करोड जुटाउनुपर्ने गरी करको दायरा बढाउन महानगरका कर्मचारीहरूले गृहकार्य गरिरहेको बताए ।

सवारी शुल्क, मालपोत, पार्किङ, सम्पत्ति कर, घरबहाल करलगायत करका शीर्षकबाट त्यति रकम उठाउने महानगरको तयारी छ । त्यसैगरी, महानगरले केन्द्र सरकारबाट सशर्त अनुदानतर्फ ७६ करोड ५१ लाख, विशेषतर्फ ११ करोड ६२ लाख, समपूरकतर्फ ११ करोड २६ लाख, वित्तीय समानीकरणतर्फ ४६ करोड १६ लाख, राजस्व बाँडफाँडतर्फ २१ करोड २६ लाख गरी कुल रु १ अर्ब ६६ करोड ८१ लाख अनुदान प्राप्त गर्नेछ । त्यसैगरी, प्रदेश सरकारबाट पाउने अनुदानमा महानगरले राजस्व बाँडफाँडतर्फ ३ करोड १४ लाख, वित्तीय समानीकरणतर्फ १ करोड १६ लाख, समपूरकतर्फ ७५ लाख, विशेषतर्फ १ करोड गरी कुल रु ५ करोड ९ लाख प्राप्त गर्नेछ। सशर्त अनुदानतर्फको सिलिङ अहिले प्रदेश सरकारले पठाएको छैन । अर्थात् पोहोर ३ करोड सशर्त अनुदानतर्फ पठाएकोमा सोही दरमा आगामी वर्षमा पनि सशर्ततर्फ अनुदान आउने आकलन गरिएको छ ।

आन्तरिक स्रोतको ६० करोड, केन्द्रबाट करीब १ अर्ब ६७ करोड र प्रदेशबाट ८ करोड गरी कुल रु २ अर्ब ३५ करोड हुन आउँछ। २ अर्ब ८० देखि ३ अर्ब रुपैयाँको बजेटमा बाँकी रकम एशियाली विकास बैंकको अनुदानमा चल्ने परियोजनाको ४० देखि ६० करोड रुपैयाँ समावेश गरी बजेट ल्याउने तयारी भइरहेको उनले बताए ।




तस्वीर: फाइल

# महागढी नपाबाट वृद्धको उद्धार

प्रस, वीरगंज, ८ असार/

महागढीमाई नगरपालिका-२ स्थित राजमार्गबाट मङ्गलवार एकजना वृद्धलाई उद्धार गरी मानव सेवा आश्रम वीरगंज ल्याइएको छ ।

सडकपेटीमा बसेर जीवनयापन गरिरहेका अन्दाजी ६५ वर्षीय वृद्ध बोल्न नसक्ने भएको बताइएको छ । उनलाई कलैया अस्पतालका सन्तोष यादव, अखिलेश यादव, जिप्रका बाराका प्रहरी र महागढीमाई नगरपालिकाको पहलमा उद्धार गरी मानव सेवा आश्रममा ल्याइएको सानु मानव सेवाले बताइन् ।

मानव सेवा आश्रममा उनलाई आज नुहाइधुवाइ गरी सफासुग्घर पारेर राखिएको छ ।



तस्वीर: प्रतीक

# सिम्रौनगढमा आँटीको माग बढ्दै

प्रस, सिम्रौनगढ, ८ असार/

सिम्रौनगढ नगरपालिकामा आँपसँगै आँटीले पनि बजार पाउन थालेपछि स्थानीय खुशी भएका छन् ।

नर्सरी सञ्चालन गर्नेहरूले विभिन्न जातका आँपको कलम बनाउन आँटी सङ्कलन गर्न थालेपछि स्थानीयहरू आँपसँगै आँटी बिक्री हुन थालेकोमा हर्षित भएका हुन्। अहिले आँपको आँटीको माग बढेको छ ।

सिम्रौनगढ बजारमा मात्र होइन बारा जिल्लाभरि र छिमेकी रौतहट तथा भारतसम्म आँटीको माग हुन थालेपछि अहिले सिम्रौनगढवासी 'आमके आम गुठलीके दाम' भनेर खुशी भएका छन् ।

आँटी सङ्कलन गर्न ठेकेदारहरूले दलित, मुसहर, डोम, सरभङ्ग आदि जातिका बालबालिकाहरूलाई गाउँगाउँमा खटाएका छन्। उनीहरूले आँटी सङ्कलन गर्दै आएका छन् । यसका साथै आँटी बिक्री हुने थाहा पाएका व्यक्तिहरूले आँप खाएर आँटी जम्मा गर्ने र बिक्री गर्दै आएका छन्। अहिले आँपको सिजनमा सिम्रौनगढमा आँटी यत्रतत्र फालिएको देख्न पाइँदैन। प्रायः सबैले आँटी जम्मा गर्ने र बिक्री गर्ने गरेका छन्।

आँपको आँटी अहिले किलो र प्रतिगोटाको हिसाबले बिक्री भइरहेको छ ।



सिम्रौनगढ बजारमा बिक्रीका लागि राखिएका आँटी । तस्वीरः रामेश्वर मेहता

सिम्रौनगढका लखिन्द्र महतोले प्रतिगोटा आँटी रु १ को दरले बिक्री गरिरहेको बताए ।

## विचारसार र सूक्तिहरू

**अत्तर, मित्र, चित्र र चरित्र यिनको परिचय दिनुपर्दैन। यिनले आफ्नो परिचय स्वयम् दिन्छन्।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# विगतबाट के सिक्यौं ?

**आजको दिनमा विगत भनेको कोरोनाकाल हो। विगत भनेपछि बितिसकेको नबुझियोस्, किनकि कोरोना बितिसकेको छैन। कोरोनाको प्रतिकार गर्न जारी भएको लकडाउनमात्र बितेको हो, त्यो पनि आंशिक। लकडाउन खुकुलो हुनेबित्तिकै बजारमा चहलपहल बढेको छ। मानिस लापरवाह हुन थालेका छन्। समस्याको मूल जरा यही हो। बाँधिराखेको पशु फुका भयो भने त्यसलाई समाउन कठिन हुन्छ। मानिस पनि मूलतः पशु नै भएकोले यो प्रवृत्ति उसमा पनि छ। तर मानिस पशुभन्दा यस अर्थमा भिन्न हुन्छ कि उसमा विवेक हुन्छ। तर विवेक भएर मात्र पुग्दैन, विवेकको प्रयोग पनि हुनुपर्छ। त्यो भनेको लकडाउन खुकुलो हुनेबित्तिकै फुकेको पशुझैं सबैलाई तर्साउँदै गाउँभरि कुद्नु होइन। कोरोनाबाट सावधान हुने मापदण्ड त्यस बेलासम्म पालना गरिरहनुपर्छ, जबसम्म यसको प्रभावकारी औषधि फेला पर्दैन वा यो उन्मूलन नै भइसक्दैन। आपत्मा आत्तिने र आपत् बितेपछि पशुझैं मात्तिने हाम्रो स्वभाव छ। यसले थाहै नपाई तेस्रो चरणको कोरोना निम्त्याउन सक्छ। आज उपलब्ध खोप त सरकारले जनतालाई उपलब्ध गराउन सकेको छैन, भोलि सङ्क्रमण फैलियो भने क्षति बेहोर्ने जनता नै हो।**

**सरकारलाई के छ, महामारी फैलनेबित्तिकै लकडाउन गरिदिन्छ। उसको 'म्युजिकल चेयर'को खेल अहर्निश चलिरहन्छ। न कसैको हरहर, न कसैको कचकच ! भारत र चीनले सित्तैमा दिएको कोरोना खोपबाहेक सरकारले थप खोप दिन सकेको छैन। थप विडम्बना के छ भने निर्धारित समयमा अनिवार्य दुईवटा खोप लगाउनुपर्नेमा संवेदनशील ज्येष्ठ नागरिकहरूलाई नै दोस्रो चरणको खोप जुर्न सकेको छैन। राजनीतिक दलहरू कुर्सी, महाधिवेशन, टुटफुट र सत्ता समीकरणमा लागेका छन्। सबै जिम्मेवारी वहन गर्नुपर्ने दायित्व जनतामा छ। एक वर्षभित्र दुई/दुई पटक लकडाउनको सास्ती बेहोरिसकेपछि पनि कोही फुक्का साँढझैं स्वच्छन्द हुन चाहन्छ भने त्यस्तालाई भीरबाट लड्न लागेको गोरुको संज्ञा दिन सकिन्छ। पहिलो र दोस्रो कोरोनाकालको परिणाम स्पष्ट देखिसकेका छौं। पहिलोको पालामा वृद्ध, दीर्घरोगी, निकट सम्पर्कका मानिस, केटाकेटीलाई धेरै असर पुऱ्याउँछ, किशोर र युवाहरू खतराबाट मुक्त छन् भनियो, दोस्रो लहर आउनेबित्तिकै धमाधम किशोर र युवा नै यसको ग्रास बन्न थाले। एउटा मात्र कारण थियो, कोरोना जोखिमबाट जोगिने स्वास्थ्य मापदण्डको पालनामा लापरवाही।**

**एउटा उर्दू शेर छ–*और भी गम हैं जमाने में मुहब्बत के सिवा/राहतें और भी हैं वस्ल के राहत के सिवा*। आजको मानिसको लागि कोरोना मात्र भय होइन। त्यो मात्र भइदिएको भए मानिस घरभित्रै थन्किएर यसको प्रतिकार गर्न सक्थ्यो। भय त छ देशको आर्थिक अवस्था डामाडोल भएको, घरमा अन्नको दाना रित्तिएको, काम गर्न नपाउँदा परिवारको पालनपोषण राम्ररी हुन नसकेको, रोजगार गुमेको। यो भय कोरोनाको भयभन्दा सयौं गुणा बढी हुन्छ। यसले कोरोनाको भयलाई जित्छ। त्यस्ताहरू थन्किएर बस्नुपर्ने, जसलाई यी सबैको चिन्ता छैन, सरोकार छैन, उनीहरूको उच्छृङ्खलताले कोरोनाको लहरमाथि लहर आइराख्ने अवस्था दुःखदायी हो। लकडाउन खुकुलो भयो भनेर हुलका हुल निस्कनुको साटो एक समयमा परिवारको एकजना मात्र बाहिर निस्कने समझदारी बनाउन सक्ने हो भने पनि तेस्रो लहरको रोकथाम हुन सक्छ। स्थानीय सरकार र प्रशासनले पनि सोच्नुपर्छ।**

# अब के होला ?

स्वतन्त्र विचार



विनोद गुप्ता

**कोभिड महामारी नियन्त्रणमा सरकारको असफलता जगजाहेर छ। २२ प्रतिशत सङ्क्रमणदर भएपनि लकडाउन खुला गरिंदैछ। विश्व बैंकले ५ प्रतिशतभन्दा तल सङ्क्रमणदर झरेपछि मात्र लकडाउन खुलाउने प्रोटोकल बनाए पनि त्यसको पालना यो सरकारले गरिरहेको छैन।**

दोस्रोपटकको संसद् विघटनविरुद्ध शेरबहादुर देउवासहित १४६ जना सांसदले दिएको मुद्दाउपर सुनवाइको क्रममा न्यायमूर्तिहरूको संवैधानिक इजलासमा बस्ने नैतिक दायित्वउपर उठाइएका प्रश्नहरूको समाधान भइसकेपछि सुनवाइको क्रममा इजलासले राष्ट्रपति एवं प्रधानमन्त्रीसँग लिखित जवाफ माग गरेको थियो। आआफ्नोतर्फबाट पठाइएका जवाफमा राष्ट्रपतिले राष्ट्रपति एवं उपराष्ट्रपतिको पारिश्रमिक एवं सुविधासम्बन्धी ऐन २०७४ को दफा १६ अनुसार आफ्नो पदीय हैसियतमा गरेको कामकारबाईका सम्बन्धमा पदमा रहँदा वा सेवानिवृत्त भएपछि मुद्दा चलाउन नसकिने व्यवस्था उद्धृत गर्दै जवाफ पेश भएको छ। त्यसैगरी, प्रमबाट समेत शेरबहादुर देउवाबाट प्रस्तुत प्रतिनिधिसभाको विश्वासको मत प्राप्त गर्न सक्ने आधारसहितको दाबी थियो वा थिएन, अदालतबाट निरूपण हुने विषय नभएको बेहोराको जवाफ पठाइएको समाचारहरू प्रकाशित भएका छन्।

यस विवादलाई बुझ्न एकपटक नेपालको संविधान २०४७ को व्यवस्था हेर्दा सजिलो हुने देखिन्छ। उक्त संविधानले धारा ३६ (१), ४२ (१) र ४२ (२) मा क्रमशः एकल बहुमतको सरकार, दुई वा दुईभन्दा बढी दलको सरकार र संसद्को सबैभन्दा ठूलो दलको नेतृत्वको सरकारको मात्र परिकल्पना गरेको देखिन्छ। यो व्यवस्था वर्तमान संविधानको धारा ७६ (१), (२) र (३) सँग हूबहू मिल्दोजुल्दो छ। यसबाहेक वर्तमान संविधानले धारा ७६ (५) मा नयाँ व्यवस्था गरेको देखिन्छ, जुन २०४७ को संविधानमा पाइँदैन।

धारा ७६ (५) मा उपधारा ३ बमोजिम नियुक्त प्रमले उपधारा ४ बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा २ बमोजिमको कुनै सदस्यले प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रम नियुक्त गर्नेछ भनिएको छ। ७६ (५) को यो व्यवस्था २०४७ सालको संविधान जारी भएपश्चात् देखा परेको विघटन र विघटन सिफारिशको लहर र सरकार परिवर्तनले उब्जाएको राजनीतिक अस्थिरता रोक्न गरिएको हो भन्ने कुरा संविधानले नै दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाइने र प्रमको संसद् विघटनको विशेष अधिकारसम्बन्धी व्यवस्था हटाइएकोबाट पनि स्पष्ट हुन्छ। सर्वोच्चले संवैधानिक इजलासबाट न्यायिक निरूपण गर्दा संवैधानिक व्यवस्थाको अक्षर र मर्मलाई प्रस्टयाइदिने विश्वव्यापी मान्यता नै छ।

वर्तमान संविधानको धारा ७७ ले निम्न अवस्थामा प्रम नरहने व्यवस्था गरेको छ। १) राजीनामा दिएमा (२) विश्वासको प्रस्ताव पारित हुन नसकेमा वा (३) अविश्वासको प्रस्ताव पारित भएमा (४) प्रतिनिधिसभाको सदस्य नरहेमा। प्रम ओलीले राजीनामा पनि दिनुभएन र विश्वासको मत पनि प्राप्त गर्नुभएन। संसद्बाट विश्वासको मत प्राप्त गर्ने प्रयास नै नगरेर उहाँले नयाँ सरकार गठनको मार्गप्रशस्त गर्न भनेर गर्नुभएको सिफारिशले सोझो र सरल अर्थमा धारा ७७ को (२) विश्वासको मत प्राप्त नगरेको व्यवस्था आकर्षित हुन्छ। यस अवस्थामा सम्मानीय राष्ट्रपतिबाट यसलाई प्रमको राजीनामा मान्नुपर्ने वा राजीनामा माग गर्नुपर्ने दुवै संवैधानिक दायित्व निर्वाह भएको देखिंदैन। यतिमात्र होइन धारा ७७ को व्यवस्था अनुसार प्रम नरहने अवस्थाको २ नं व्यवस्था विश्वासको मत प्राप्त नगरेमा भन्नेबित्तिकै कामचलाउ सरकार भनी घोषणा हुनुपर्ने व्यवस्थासमेत प्रयोग भएको देखिंदैन। त्यसपछाडि पनि प्रतिनिधिसभा विघटन भइसकेपछि प्रतिनिधिसभाको सदस्यसमेत नरहेको व्यक्ति कसरी कामचलाउ नभई पूर्णकालिक प्रमको रूपमा सम्पूर्ण कामकारबाई अगाडि बढाउँदै हुनुहुन्छ भन्ने प्रश्नसमेत खडा हुन्छ। महामहिम राष्ट्रपति संविधानको संरक्षकसमेत हुनुभएकोले संविधानको अक्षरकै यत्रो विधि उल्लङ्घनको घटना भइरहँदा केही नगरी बस्नुभएकोबाट उहाँको भूमिकासमेत शङ्कास्पद हुँदै गएको देखिन्छ।

पहिलो विघटनको समयमा समेत महामहिमले प्रतिनिधिसभा सदस्यलाई भेट नदिई लामो समय कुराउनुदेखि दोस्रो विघटनको अवस्थामा आइपुग्दासम्म दाबी पेश गर्न दिनुभएको अपर्याप्त समय र आफ्नो बङ्गलादेश भ्रमणको पूर्वसन्ध्यामा बोलाउनुभएको बैठकमा चुनावबारे दिनुभएको विचार आदिले गर्दा यस सन्देहलाई झन् बल पुऱ्याउने कार्य गरेको देखिन्छ।

नेपालको संविधान भाग ११ न्यायपालिकाको दफा १३३ मा सर्वोच्च अदालतको अधिकार क्षेत्र उल्लेख गरिएको छ। जस अनुसार सङ्घीय संसद् वा प्रदेशसभाको आन्तरिक कामकारबाई र सङ्घीय संसद् वा प्रदेशसभाले चलाएको विशेष अधिकारको कारबाई र तत् सम्बन्धमा तोकेको सजायमा यस उपधारा अन्तर्गत सर्वोच्च अदालतले हस्तक्षेप गर्नेछैन भनिएको छ। यसरी नै उपधारा २ मा कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने भनेर असाधारण अधिकार क्षेत्र प्रदान गरिएको छ। जहाँसम्म पारिश्रमिक सम्बन्धी एवं २०७४ को दफा १६ को कुरा छ, त्यो ऐन हो भन्ने कुरा संविधानकै धारा ७२ मा स्पष्ट गरिएकोले ऐनमा उल्लिखित कुरा पारिश्रमिक सम्बन्धमा लागू हुने देखिन्छ।

जहाँसम्म प्रमको सवाल छ, उहाँले पहिलो विघटनमैं संविधानको खिल्ली उडाउनुभएको कुरा सर्वोच्च अदालतको फैसलाबाट नै स्पष्ट भइसकेको हो। त्यस फैसलामा सर्वोच्चले प्रतिनिधिसभाबाट सरकार बन्ने सम्भावना भएसम्म विघटन नहुने उल्लेख गरेको छ। उक्त मुद्दाको फैसलाको पूर्ण पाठ पनि नआउँदै देशले दोस्रो विघटन बेहोर्नुपऱ्यो। उहाँले देउवाले पेश गर्नुभएको दाबी विश्वासयोग्य भए नभएको परीक्षण गर्ने थलो अदालत नभएको भनिरहँदा त्यो थलो राष्ट्रपतिको कार्यालयसमेत नभई प्रतिनिधिसभा हो भन्ने हेक्का प्रधानमन्त्री र राष्ट्रपति दुवैले नराखेको स्पष्ट हुन्छ। शेरबहादुर देउवाको दाबीलाई प्रतिनिधिसभामा निर्णयार्थ पठाइदिए महामहिमको गरिमा घट्ने थियो वा बढ्ने थियो उहाँ स्वयंले विचार गर्नु उपयुक्त हुन्छ। प्रमले विश्वासको मत लिनुपर्नेमा सो नलिई राजीनामा दिनुपर्ने नैतिक बाटो छल्दै नयाँ सरकार बनाउन मार्गप्रशस्त गर्ने पत्र राष्ट्रपतिको कार्यालयमा पठाएर फेरि आफ्नो दाबी पेश गर्नुबाट नै उहाँले झेला गर्नुभएको प्रस्ट हुन्छ। उहाँको सरकार र उहाँ स्वयम् प्रतिनिधिसभाको सदस्य नभएको अवस्थामा समेत अध्यादेशबाट शासन सञ्चालन गर्ने जुन नीति लिनुभएको छ, सर्वोच्चले मुद्दा परेका त्यस्ता अध्यादेशहरूलाई अन्तरिम आदेशबाट रोक्का गरेर पनि यो सरकार कामचलाउ भएकोले प्रतिनिधिसभा नभएको अवस्थामा सार्वजनिक महत्त्वको निर्णय लिन नहुने सन्देश दिएको छ।

कोभिड महामारी नियन्त्रणमा सरकारको असफलता जगजाहेर छ। २२ प्रतिशत सङ्क्रमणदर भएपनि लकडाउन खुला गरिंदैछ। विश्व बैंकले ५ प्रतिशतभन्दा तल सङ्क्रमणदर झरेपछि मात्र लकडाउन खुलाउने प्रोटोकल बनाए पनि त्यसको पालना यो सरकारले गरिरहेको छैन। किनभने चाहिएको समयमा खोप खरीद गर्न सरकार पूर्णतया असफल भएको र लकडाउनमा राहतसमेत वितरण गर्न नसकेकोले अब लकडाउन लम्ब्याउँदा नागरिक विद्रोह हुने डरले खुकुलो बनाउने भन्दै खुला गरिंदैछ। यसबाट तेस्रो लहरको खतरा झन् बढेको छ। खोपभन्दा अरू प्रभावकारी नियन्त्रणको तरीका नभएकोले तेस्रो लहरमा रोगका साथसाथै भोकले पनि त्यत्तिकै व्यक्तिलाई असर गर्नेछ, त्यसमाथि यसपालिको मौसमी विपत्तिसमेत हेर्दा यो सरकारले जनता मरिरहेको हेरेर भएपनि आफ्नो सत्ता लम्ब्याउने योजना बनाएर त्यही बाटो हिंडेको स्पष्ट देखिंदैछ। यसबाट समग्र देश वा जनता कसैको हित छैन, यसले ओली समूहलाई मात्रै फाइदा पुऱ्याउने भएकोले यस्तो प्रवृत्तिको अन्त्य न्यायपालिकाबाट मात्र होइन, आम जनताको व्यवहारबाट पनि अन्त्य गर्नु नै नेपाल र नेपालीको भलो निहित छ।

# स्थानीय जातका गाईको गहुँतले कालो ढुसीबाट बचाउने

काठमाडौं, ८ असार/रासस

स्थानीय जातका गाईको गहुँत (गोमूत्र)मा नयाँ भेरियन्टसहितको कोरोनासँगै देखिएको कालो ढुसीबाट बचाउने गुण रहेको यस क्षेत्रमा अध्ययनरत व्यक्तित्वले बताएका छन्। श्री गोलोक गोवर्द्धन संरक्षण धाम, वैष्णव युवा परिषद् नेपाल, कालीगण्डकी ज्ञान विज्ञान प्रतिष्ठानलगायत संस्थाले आइतवारदेखि भर्चुअल माध्यमबाट शुरू गरेको सात दिने स्थानीय गाईको संरक्षणका लागि गोरक्षा महोत्सवका वक्ताले वैज्ञानिकरूपमा महत्त्व पुष्टि भएको स्थानीय जातका गाई लोप हुँदै जान लागेकाले संरक्षण गरिनुपर्नेमा जोड दिएका हुन्। पछिल्लो समय फैलन थालेको कालो ढुसीबाट बचाउन लसुन र प्याज पनि उपयोगी रहेको उनीहरूको भनाइ छ।

कार्यक्रममा कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठानका अध्यक्ष स्वामी चैतन्य कृष्णले उच्च रक्तचाप र मधुमेहका रोगीलाई स्थानीय जातको गाईको दूधले फाइदा गर्ने तथा यी गाईमा पाइने कर्क्युमिन नामको तत्त्वले क्यान्सरलाई ठीक गर्न सहयोग गर्ने बताए। प्रकृति र पर्यावरणाको संरक्षणका लागि पनि स्थानीय जातको गाईलाई जोगाउनुपर्ने उनको भनाइ थियो।

"गाईलाई रासायनिक मलले असर गरेको छ, रासायनिक मलले स्थानीय जातका गाई बाँच्न आवश्यक वातावरण नष्ट हुन थालेको छ, गाईको गहुँतमा सुन नै पाइएको पनि अध्ययनबाट प्रमाणित भएको छ, स्थानीय जातका गाई मानिसजस्तै हिमालय क्षेत्रमा जान सक्छन्," स्वामी चैतन्य कृष्णले भने। मानव शरीरमा एचआइभी एड्सविरुद्ध एन्टिबडी तयार पार्ने गाईको दूध उपयोगी भएको तथ्य वैज्ञानिक अध्ययनबाट प्रमाणित भएको छ। स्थानीय जातका गाईमा कीरा वा झिङ्गा कुनै अङ्गमा बसेमा त्यो मात्र हल्लाउन सक्ने क्षमता हुन्छ। यो क्षमता जर्सीलगायत अन्य जातका गाईमा हुँदैन।

स्थानीय जातका गाईको शरीरमा सबै देवीदेवताले बास गर्ने भएकाले गौमाताका रूपमा पूजा आराधना गर्ने वैदिक सनातनी हिन्दू परम्परा छ। वैदिक ग्रन्थमा गोचरणभूमिलाई नाश गर्ने व्यक्तिको कल्याण हुँदैन भनी व्याख्या गरिएको छ। स्थानीय जातका गाईको वैज्ञानिक अध्ययन अनुसन्धानका लागि नेपालमैं पहिलोपटक कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठानले प्रयोगशाला स्थापना गर्ने तयारी गरेको स्वामी चैतन्य कृष्णले बताए।

नेपाल भूमिमा स्थानीय जातका गाई केन्द्रित कृषि प्रणाली, गाईमा आधारित अर्थनीति आवश्यक रहेकामा उनले जोड दिए। गाईको बिक्री, गाईलाई असहाय बनाएर छाड्ने प्रवृत्तिविरुद्ध जागरण फैलाउन सात दिने महोत्सव जूम प्रविधिबाट आयोजना गरिएको हो। भगवान् पशुपतिनाथको बास रहेको र बाबा गोरखनाथले तपस्या गरेका नेपाल भूमिमा वेदलक्षणा स्थानीय जातका गाईको दिगो पालनाले नै देशको संरक्षण हुने कार्यक्रमका अधिकांश वक्ताको भनाइ थियो।

जरोकिलो महाअभियानका अध्यक्ष सह प्राडा निर्मलमणि अधिकारीले वैदिक ज्ञानमा पुनर्जागरण शुरू भएकाले स्थानीय जातका गाईको पनि संरक्षण हुने वातावरण बनेको बताए। वैदिक गुरुकुल विगत १०० वर्षमा अहिले सबैभन्दा बढी पुगेकाले स्थानीय जातका गाईको संरक्षणमा गुरुकुलले भूमिका खेल्नुपर्ने उनको भनाइ छ। विसं २०१८ मा स्थानीय जातका गाईलाई बढी दूध दिने बनाउन सुई लगाउन शुरू गरेदेखि नै यसको अस्तित्व सिध्याउन शुरू गरिएको अधिकारीले बताए। दूध बढाउन गौमातालाई यन्त्र बनाएकाले लोप हुने अवस्थामा पुगेको जनाइएको छ। विसं २०२८ मा संविधानमा हिन्दू राज्य उल्लेख गरिए पनि गौमाता एवं लक्ष्मीका रूपमा पुजिने स्थानीय जातका गाई नाश गर्ने अभियान शुरू भएको थियो।

विसं २०२८ मा आएको नयाँ शिक्षाले धार नै परिवर्तन गरी नेपालको मौलिक विषयवस्तुलाई पन्छाउँदै गएपछि स्थानीय जातका गाईलगायत देशको पहिचानको मौलिकता बोकेको कुरा क्रमशः हराउन शुरू भएको अध्येता अधिकारीको भनाइ छ। हिन्दू जागरणका अध्यक्ष रामकृष्ण उपाध्यायले 'गावो विश्वस्य मातरः' अर्थात् गाई विश्वकै आमा भनी शास्त्रमा वर्णन गरिएबाटै यसको महत्त्व झल्कने बताए। स्थानीय जातका गाईको सेवाका लागि प्रत्येक नेपालीबाट सहयोग जुटाउने अभियान चलाउनुपर्ने उनको भनाइ थियो।

आयोजक समितिका अध्यक्ष स्वामी नन्दकिशोरले सडकमा वृद्ध गाई र गोरु धेरै अलपत्र परेको बताए। यस्ता गाईलाई गिद्धले समस्या बनाउँदै लगेको उनको भनाइ थियो। महोत्सव आगामी शनिवारसम्म जूम प्रविधिबाट जारी रहने जनाइएको छ। कार्यक्रममा स्थानीय जातका गाईको संरक्षणका लागि सहयोगसमेत गर्न सकिने जनाइएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# खोप उत्पादन ल्याब विस्तारमा एसके बायोसाइन्सले एक खर्ब ५० अर्ब वन लगानी गर्ने

सियोल, ८ असार/एएनआई

दक्षिण कोरियाली कम्पनी एसके बायोसाइन्सले विश्वव्यापी खोप उत्पादनको केन्द्र बन्ने गरी काम शुरू गरेको छ। एसके बायोसाइन्सले उत्तर ग्योङसाङ प्रान्तको एन्डोङमा अवस्थित खोप कारखाना एल हाउसमा कारखाना र उत्पादन केन्द्रहरू विस्तार गर्न लगानी गर्न ग्योङबुक प्रान्त र एन्डोङ सिटीसँग सम्झौतापत्रमा हस्ताक्षर गरेको घोषणा गरेको छ। खोपहरूको बढ्दो मागलाई ध्यानमा राख्दै खोपहरूको लागि उच्च प्रविधिको सुविधा विस्तार गर्न र कारखानाहरूका लागि थप केन्द्रहरू सुरक्षित राख्न एसके बायोसाइन्सले सन् २०२४ सम्ममा लगभग एक खर्ब ५० करोड वन लगानी गर्नेछ साथै एल हाउसले यो लगानीमा उत्पादन सुविधाहरू विस्तार गर्नेछ। एल हाउसले कोशिका परीक्षण, जीवाणु परीक्षण, आनुवंशिक पुनः संयोजन र प्रोटिन 'बाइन्डिङ'जस्ता नवीनतम सेवा तथा खोप उत्पादन सुविधाहरू र एमआरएनए र पछिल्लो पुस्ताको भाइरल भेक्टरहरूका लागि नयाँ सुविधाहरू स्थापना गर्नेछ।



तस्वीरः एजेन्सी

यसबाहेक, यसले ग्योङबुक बायोको दोस्रो औद्योगिक क्षेत्रमा थप ९९,१३० वर्गमिटर जमीन खरीद गरी कारखाना स्थललाई १६१,००० वर्गमिटरमा विस्तार गर्नेछ। एसके बायोसाइन्सले बढ्दो खोप उत्पादनका साथै कोरियाली घरेलु बजारमा आफ्नो प्रमुख स्थानलाई सुदृढ पार्न र विश्वव्यापी खोप उत्पादनको केन्द्र बन्न आफ्नो व्यवसाय विस्तार गर्ने योजना बनाएको हो।

# एप्पल ट्याबलेट कम्प्युटर विश्व बजारमा अग्रस्थानमा

सियोल, ८ असार/एएनआई

एप्पल र सामसुङ इलेक्ट्रोनिक्स ट्याब्लेट कम्प्युटरको बजारमा क्रमशः पहिलो र दोस्रो स्थान ओगट्न सफल भएका छन्।

२१ औं काउन्टरपोइन्ट रिसर्चद्वारा ट्याब्लेट मार्केटबारे प्रकाशित बजार अनुगमन विवरणमा विश्वव्यापी ट्याब्लेट कम्प्युटरको बजार अघिल्लो वर्षको तुलनामा यो वर्ष ५३ प्रतिशतले वृद्धि भएको जानकारी गराइएको छ।



तस्वीरः एएनआई

गत वर्ष ट्याब्लेट बजारको वृद्धिदर १९ प्रतिशत थियो। यो वर्षको पहिलो त्रैमासिक रिपोर्ट अनुसार एप्पलले विश्वव्यापी ट्याब्लेट बजारको ३७ प्रतिशत हिस्सा ओगटेको छ भने सामसुङले २० प्रतिशत बजार पाएको छ।

चिनियाँ टेलिकम कम्पनी हुवावेको ट्याब्लेट उत्पादनले गत वर्ष ११ प्रतिशत बजारसहित तेस्रो स्थान ओगटेकोमा यो वर्ष उक्त स्थान कायम राखे पनि बजार पहुँचमा मात्रै पाँच प्रतिशत स्थान रहेको अध्ययन रिपोर्टमा उल्लेख गरिएको छ।

अमेरिकी सरकारले ठूलो सङ्ख्यामा चिनियाँ इलेक्ट्रोनिक्स, टेलिकम्युनिकेशन र हुवावेलगायत ड्रोन कम्पनीलाई कालोसूचीमा समावेश गरेका कारण हुवावेको बजारमा निकै गिरावट आएको हो।

कम्पनीलाई कालोसूचीमा समावेश गरिएपछि यसले अमेरिकी कम्पनीहरूको स्वामित्वको 'प्याटेन्ट' र स्रोत प्रविधिहरू साथै अमेरिकी प्रविधि समावेश गर्ने अंशहरू खरीद गर्न सक्दैन।

यसबाहेक कालोसूचीमा रहेका कम्पनीहरू सूचीकृत हुन सक्दैनन्।

स्मार्टफोन र ट्याब्लेटको पार्ट्स पाउन नसक्दा हुवावेले नयाँ उत्पादनहरूलाई बजारमा ल्याउन सक्दैन।

सामसुङको ग्यालक्सी ट्याब एस-सेभेन लाइट हालै युरोपका धेरै देशमा लोकप्रिय बनेको छ। ग्यालेक्सी ट्याब एस-सेभेन लाइट उत्तरी अमेरिकी, युरोपेली मुलुकहरूका शैक्षिक संस्थामाझ लोकप्रिय बनेको छ। रासस

# सुडानको राजनीतिक अवस्थामा सुधार आएको छ- संयुक्त राष्ट्रसंघ

संयुक्त राष्ट्रसङ्घ, ८ असार/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घले दक्षिण सुडानको राजनीनिक अवस्थामा केही सुधार आएको बताएको छ। दक्षिण सुडानको लागि संयुक्त राष्ट्रसङ्घका उच्च दूत निकोलास हेसमले सो कुराको जानकारी दिएका छन्।

उनले दक्षिण सुडानमा नयाँ संविधान निर्माण गर्ने र राजनीतिक सुधार गर्ने कामको थालनी भएको र त्यसमा केही प्रगति पनि भएको देखिएको बताएका छन्। तर यहाँको सुरक्षाको अवस्थाका बारेमा भने उनले चासो व्यक्त गरेका छन्।

उनले भनेका छन् कि दक्षिण सुडानको राजनीतिक र न्यायपालिकाको सुधारका बारेमा काम अघि बढेको छ र यहाँको सरकारले त्यस क्षेत्रमा काम गरेको छ। तर सबैले सुरक्षाका बारेमा भने चिन्ता व्यक्त गर्नुपर्ने उनले बताए। संयुक्त राष्ट्रसङ्घले सुरक्षाका क्षेत्रमा अझै समन्वय बढाउनुपर्ने उनले सुझाव दिएका छन्। उनले भने- यहाँ संयुक्त राष्ट्रसङ्घले गएको मे महीनामा राजनीतिक प्रक्रियालाई अघि बढाउने एक कार्यदल गठन गरेको छ र त्यसले आफ्नो काम थालेको छ। यहाँका राष्ट्रपति साल्भा किरले हालै मात्र यहाँको एक विधायिकामा ५५० जना थप गरेर पुनर्गठन गरेका थिए।

त्यस विधायक सभाले यहाँ नयाँ संविधान निर्माण गर्ने काम गरिरहेको पनि उनले जानकारी दिएका छन्। हाल पनि संसारको कान्छो देशका रूपमा चिनिएको दक्षिण सुडान १० वर्षअघि नयाँ राष्ट्रका रूपमा स्थापना भएको हो। आगामी जुलाई ९ मा यो देशले आफ्नो स्थापनाको दशौं वार्षिकोत्सव मनाउने तयारी गरिरहेको छ।

साथै संयुक्त राष्ट्रसङ्घ र विश्वका कतिपय देशको सहयोग र समन्वयमा यहाँ नयाँ संविधान निर्माण गर्ने काम पनि भइरहेको छ। रासस

# कोलोराडोमा भएको गोलीकाण्डमा तीनजनाको मृत्यु

लस एन्जल्स, ८ असार/सिन्ह्वा

अमेरिकाको कोलोराडो राज्यको अर्वदा शहरमा सोमवार भएको गोलीकाण्डमा परेर तीनजना मारिएका छन्। अर्वदा शहरको प्रहरी विभागले ट्वीटमा सो कुराको जानकारी दिएको बताइएको छ।

अर्वदा शहरमा रहेको अर्वदा पुस्तकालयको नजीकमा एकजनाले गोली चलाएको थियो।

त्यसमा परेर एकजना प्रहरी अधिकारीसहित तीनजनाको ज्यान गएको बताइएको छ।

सो प्रहरी विभागले सोमवार गरेको ट्वीटमा कोलोराडोको एक पुरानो शहर अर्वदामा सो हत्याकाण्ड भएको र एकजना प्रहरी अधिकारी पनि मारिएको बताएको छ।

ती प्रहरी अधिकारीको बारेमा उनका परिवारलाई सबैभन्दा पहिला खबर गरेर उनको पहिचान सार्वजनिक गरिने पनि सो ट्वीटमा उल्लेख गरिएको छ। एकजना अज्ञात व्यक्तिले सो क्षेत्रमा गोली चलाएको थियो। त्यस क्रममा अर्का एकजनाको पनि ज्यान गएको छ। सो आक्रमणकारी पनि प्रहरीको प्रतिकारमा मारिएको बताइएको छ। गोली चलाउने व्यक्तिलाई प्रहरीले आक्रमण गरेको थियो। त्यस क्रममा अर्का एकजना प्रहरी पनि घाइते भएको बताइएको छ। के कति कारणले त्यस व्यक्तिले प्रहरीमाथि गोली चलाएको हो भन्नेबारेमा भने केही पनि बताइएको छैन। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – रोगभय | वृष – नारीसुख |
| मिथुन – शत्रुपराजय | कर्कट – ज्ञानोदय |
| सिंह – भयचिन्ता | कन्या – मित्रमिलन |
| तुला – अतिथिआगमन | वृश्चिक – सुयश |
| धनु – व्यर्थभ्रमण | मकर – धनलाभ |
| कुम्भ – सफलता | मीन – राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# महाधिवेशन कि गाईजात्रा

महाधिवेशनअघि होहल्ला र हङ्गामा गर्नु काङ्ग्रेसको स्वभाव नै हो। आउँदो भदौमा गरिने भनिएको नेपाली काङ्ग्रेसको १४औं महाधिवेशनको हल्ला पनि निकै छ।

**मन्तव्य**



कुमार रुपाखेती

**अहिले पनि काङ्ग्रेसका थुप्रै नेताले आफ्नो जिल्लालाई बिर्ता र बपौती बनाएका छन्। यस्ताहरूले आमनिर्वाचनमा नियमित टिकट पाउनाले जिल्लाका अन्य प्रभावी नेताहरू ओझेलमा पर्दै गएका छन्। पार्टीको केन्द्रीय समितिमा २०४८ सालपछि निरन्तर उम्मेदवार बन्नेहरूको बिगबिगी नै छ।**

पञ्चायती व्यवस्थाले तीस वर्षसम्म काङ्ग्रेसको अधिवेशन नेपाली भूमिमा हुन दिएन। प्रजातन्त्र आएपछि समेत नेपाली काङ्ग्रेसले निर्धारित समयमा महाधिवेशन गर्न सकेको देखिंदैन। लोकतन्त्रको सट्टा कुर्सीकेन्द्रित राजनीति गर्ने यिनीहरूले दर्शन, आदर्श, सिद्धान्त र नैतिकतालाई खरानी बनाइसकेका छन्। यिनको आन्तरिक कलह र द्वन्द्वको चपेटामा संसद् र संविधानसभासमेत परेकै हो। बारम्बार प्रतिनिधिसभा विघटन र अविश्वास प्रस्तावको विकृति ल्याउने श्रेय पनि काङ्ग्रेसलाई नै जान्छ। कुनै बेला काङ्ग्रेस भनेको एउटा विचार हो, यसलाई विभाजन गरेर तह लगाउन सकिन्छ भन्ने मान्यता राणा र शाहकालमा थियो। पञ्चायती व्यवस्थाको आरम्भमा त जय नेपाल भन्नेहरू समातिने र आइन्दा जय नेपाल भन्दिनँ भन्ने सहीछाप गरेर मात्र छुटकारा पाउँथे।

काङ्ग्रेसको मुखपत्र अनुसार- काबूबाहिरको परिस्थिति उत्पन्न भएमा बढीमा ६ महीना मात्र महाधिवेशनको मिति पछाडि धकेल्न सकिन्छ। तर शेरबहादुर देउवाले महाधिवेशनको निर्धारित समयलाई अवहेलना गर्दै आएका छन्। भनिन्छ, अहिले काङ्ग्रेसमा आठ लाख क्रियाशील युवा सदस्य छन् रे। तर नेतृत्वको प्रतिस्पर्धामा बूढाहरूकै घुइँचो देखिन्छ। पञ्चायत समाप्त भएपछि अर्थात् ३१ वर्षपछि काङ्ग्रेसले झापाको कलबलबुडीमा आठौं महाधिवेशन गऱ्यो। जुन पार्टी झगडा (आन्तरिक) मिलाउनेबारेमा केन्द्रित थियो। गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा गणेशमान सिंहले रिसाउँदै गर्जेर- नीति र सिद्धान्त अनुसार पार्टी र सरकार चलेन, पार्टी गिरिजासँग सती जाँदैन भने। यिनकै झगडाले २०४५ असोजमा काङ्गेसले सङ्गठनलाई चुस्त दुरुस्त अभियानस्वरूप सबै सङ्गठन विघटन पनि गऱ्यो। तर गणेशमानको चर्को विरोधका बावजूद गिरिजाबाबूको महामन्त्रीको पद यथावत् राखियो। यतिखेरसम्म गिरिजाप्रसाद र कृष्णप्रसाद एक थिए। यस्ता कारणहरूले काङ्ग्रेसमा बेलाबखत छत्तीसे, छब्बीसे र चौहत्तरे गुट-उपगुट देखा परे। धेरै कचकच र मानमर्दन हुन थालेपछि २०५१ भदौ ३१ गते सर्वोच्च नेता गणेशमानले काङ्ग्रेस नै परित्याग गरे। त्यतिखेर रिसको झोंकमा गिरिजा खेमामा रहेका सभापति कृष्णप्रसाद भट्टराईलाई उनले काङ्ग्रेसको इतिहासमा सभापति भट्टराई सबैभन्दा ठूलो गद्दार र राजनीतिक अवसरवादी भनिदिए। २०५१ सालमैं पुस्तान्तरण भन्दै गिरिजा, गणेशमान, कृष्णप्रसाद र महेन्द्रनारायण निधि निर्वाचनमा नलड्ने सहमति भयो। अनि सहमतिको नाटक गर्दै गणेशमान, गिरिजा र कृष्णप्रसादको हाँसोयुक्त तस्वीर संयुक्तरूपमा निकालिन्थ्यो। तर 'मुहमें राम राम बगलमें छुरा' भनेझैं गिरिजाप्रसाद निर्वाचनमा उम्मेदवार बनेर सहमति उल्टाइदिए।

नेपाली काङ्ग्रेसले राणाशासनको अन्त्य भएको दिनलाई प्रजातन्त्रको शुभारम्भ भएको दिन ठान्दछ। तर २०१७ सालमा विपी प्रधानमन्त्री बन्दा नै काङ्ग्रेसमा छत्तीसे समूह बनेको हो। यस्तै ताल देखेर राजा महेन्द्रले केही काङ्ग्रेसी नेता तानेर पञ्चायती व्यवस्था ल्याए। त्यतिखेरका महामन्त्री परशुनारायण चौधरी, विश्वबन्धु थापा, श्रीभद्र शर्माहरू पञ्चायतमा भित्र्याइएका थिए।

२०४८ सालमा त गिरिजाप्रसाद प्रम भएपछि 'तेल काङ्ग्रेस भर्सेस लाठी काङ्ग्रेस' पनि जन्मियो। गिरिजाको पछि लाग्नेलाई तेल काङ्ग्रेस र गणेशमान पक्षलाई लाठी काङ्ग्रेस भनिन्थ्यो। त्यतिखेरका काङ्ग्रेसी नेतात्रयको घरझगडाले गर्दा समृद्ध नेपाल निर्माण गर्ने सवाल गौण बन्यो, जुन आजपर्यन्त कायम छ। काङ्ग्रेसले पार्टी शुद्धीकरण पनि गऱ्यो। तर २०५० जेठमा दासढुङ्गामा मदन भण्डारीको मृत्युपछि रिक्त काठमाडौं क्षेत्र नं १ मा कृष्णप्रसाद भट्टराईलाई उम्मेदवार बनाउँदा त्यतिखेरका महामन्त्री महेन्द्रनारायण निधिले सार्वजनिकरूपमा फ्याट्ट अबको प्रधानमन्त्री कृष्णप्रसाद भन्ने बित्तिकै यहाँ गिरिजापक्षले अन्तर्घात गऱ्यो र विद्यादेवी भण्डारीसँग उनले मात खाए। २०४८ को निर्वाचनमा मदन भण्डारीले त्यहीं क्षेत्रमा भट्टराईलाई पराजित गरेका थिए। गणेशमानपछि गिरिजाप्रसादले कृष्णप्रसादलाई बलिको बोका बनाउन थाले।

अहिले पनि काङ्ग्रेसका थुप्रै नेताले आफ्नो जिल्लालाई बिर्ता र बपौती बनाएका छन्। यस्ताहरूले आमनिर्वाचनमा नियमित टिकट पाउनाले जिल्लाका अन्य प्रभावी नेताहरू ओझेलमा पर्दै गएका छन्। पार्टीको केन्द्रीय समितिमा २०४८ सालपछि निरन्तर उम्मेदवार बन्नेहरूको बिगबिगी नै छ। महाधिवेशनताका काङ्ग्रेसी युवाहरूले बूढा हराऊ, युवा ल्याऊ नारा जोरसोरले उचाल्छन् र टाय-टाय फिस्स हुन्छन्। करीब तीन हजारको हाराहारीमा रहेका महाधिवेशन प्रतिनिधिको मुख बन्द गर्न देउवा र पौडेलजस्ता खारिएका पदलोलुप नेताहरू खप्पिस नै मानिन्छन्।

कुनै बेला महन्थ ठाकुर नेपाली काङ्ग्रेस केन्द्रीय अनुशासन समितिमा संयोजक थिए। प्रभावशाली युवा नेताहरूलाई अनावश्यक स्पष्टीकरण सोध्ने र पाका नेताहरूको इशारामा चल्ने गर्दथे। भनिन्छ, त्यतिखेरका प्रखर युवा काङ्ग्रेसी नेता नरहरि आचार्यलाई महन्थ ठाकुरले बूढा नेताहरूको लाइन पाएर पाखा लगाउन सफल भए। नरहरि आचार्य राजावादी काङ्ग्रेस मानिन्छन्। अहिले १४औं महाधिवेशनको नाममा काङ्ग्रेस गर्माएको छ। गर्माएको अर्थात् पदका लागि हानथाप चालू छ। आगामी महाधिवेशनमा केन्द्रीय सभापतिमा देउवा, रामचन्द्र पौडेलका अलावा 'बन्दर क्या जाने अदरकका स्वाद' भन्ने स्तरमा सुजाता कोइराला, विमलेन्द्र निधि, शेखर र शशाङ्क कोइरालाहरूसमेत सभापति पदको आकाङ्क्षी देखिएका छन्।

स्थापनाकालदेखि नै बहुदलीय व्यवस्थामा आधारित प्रजातन्त्र काङ्ग्रेसको आदर्श बन्यो। प्रजातन्त्रमा लामो समय शासन गर्न पाएको काङ्ग्रेसमा पछि आएर गुटबन्दी हावी भयो। मुलुकमा बेथितिलाई बढाउने कामको श्रीगणेश पनि काङ्ग्रेसबाट नै भयो। प्रजातन्त्रका वाहक भनिने काङ्ग्रेस र कम्युनिस्टबीच थोरै सहकार्य र धेरै द्वन्द्व र मुठभेड सिर्जना भयो। प्रजातान्त्रिक भनिने काङ्ग्रेस होस् वा राप्रपा, जसपा, अनुशासित भनिने कम्युनिस्टहरूसमेत सिङ्गो रहन सकेनन्। सत्तामा पुगेपछि पार्टी कब्जा र सरकारी स्रोत र साधनको दोहन गर्ने प्रचलन अचेल खूबै फस्टाएको छ। २०५९ सालमा देउवाले दरबारिया इशारामा काङ्ग्रेस विभाजन गरेकै हुन्। २०४८ को पहिलो आमनिर्वाचनमा सुविधाजनक बहुमत ल्याएको काङ्ग्रेस देउवा नेतृत्वकालमा पातालमा पुगेको सबैलाई थाहै छ। गिरिजाबाबूले झैं देउवाले समेत सिङ्गो पार्टीलाई गोजीभित्र राखेका छन्, कसले के गर्छ? कसले के बोल्छ?

विपी कोइरालाले एकपल्ट यसो भनेका थिए- प्रजातन्त्रविना राजतन्त्र अड्दैन, राजा नभए देश पनि बाँच्दैन। राजतन्त्रलाई ढाल्ने उद्योग हामीले गर्नुहुँदैन। तर उनको भनाइविपरीत काङ्ग्रेसले नै यो उद्योगको नेतृत्व गऱ्यो। ज्यादा के लेखूँ, काङ्ग्रेसको महाधिवेशन भनेको पैसा र भोजभतेरको मेला हो, जहाँ शक्ति हत्याउने प्रपञ्च हुन्छ। त्यसैले त म भन्छु- 'नतीजा न पुछो मेरे लाल, नतीजा ठनठन गोपाल।'

# कोलकातामा भिजेर सुक्खा बन्दरगाह आएको २६ करोडको मल भिज्दै

राधेश्याम पटेल, परवानीपुर, ८ असार/

भारतको पश्चिम बङ्गालको कोलकाता बन्दरगाहमा भिजेर रेलमार्गबाट वीरगंजस्थित सुक्खा बन्दरगाहमा आएको करीब ६ हजार मेट्रिकटन डिएपी मल बर्खा लागेसँगै अहिले पनि यार्डमैं भिजिरहेको छ। हालको मूल्य अनुसार २६ करोड मूल्यबराबरको डिएपी मल आव २०७६/७७ को ग्लोबल टेन्डर अनुसार स्वीस सिङ्गापुरले गत वर्ष भदौमा सुक्खा बन्दरगाह पठाएको थियो।



तस्वीरः फाइल

टेन्डरको शर्त अनुसार जबसम्म सामान कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेशनको गोदामसम्म मल पुऱ्याइँदैन, तबसम्म निर्यातकर्ताकै जिम्मेवारी हुने भएकोले उक्त मल कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङले सुक्खा बन्दरगाहबाट उठाएन।

त्यसपछि भन्सार विभागलाई मल के गर्नेबारेमा सुक्खा बन्दरगाहले पत्राचार गरेको थियो। सरकारले भिजेर आएको मल जफत गरी मल नष्ट गर्ने निर्णय गरेपछि नष्ट गर्ने तयारी भइरहेको श्रीसिया सुक्खा बन्दरगाहका प्रमुख भन्सार अधिकृत लालबहादुर खत्रीले जानकारी गराए। उनका अनुसार मल आयात गर्ने निकाय कृषि सामग्री कम्पनी, साल्ट ट्रेडिङ र निर्यातकर्ताका प्रतिनिधिलाई पत्राचार गरेको र केही दिनमैं उक्त मल नष्ट गर्ने तयारी रहेको छ।

"हामीले चिठी लेखेर बोलाएका छौं, एक महीनाभित्रै मल नष्ट गर्छौं," उनले भने। चीनबाट निर्यातकर्ताले खरीद गरेको डिएपी मल कोलकाता बन्दरगाहमा पुग्दा आम्फुन आँधी आउँदा कोलकाता बन्दरगाहको यार्डमा उक्त मलका बोरा भिजेको थियो। भिजेर आएको मलमा ५ हजार मेट्रिकटन साल्ट ट्रेडिङको र १२ सय मेट्रिकटन कृषि सामग्री कम्पनीको रहेको बताइएको छ।

# नयाँ मन्त्रीहरूलाई कामकाजमा रोक

काठमाडौं, ८ असार/रासस

सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनपछि विस्तार गरिएको मन्त्रिपरिषद्लाई मान्यता नदिने अन्तरिम आदेश दिएको छ।



प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा र न्यायाधीश प्रकाशकुमार ढुङ्गानाको मङ्गलवारको संयुक्त इजलासले प्रधानमन्त्री केपीशर्मा ओलीले प्रतिनिधिसभा विघटनपछि दुईपटक विस्तार गरेको मन्त्रिपरिषद्मा उपप्रधानमन्त्री, मन्त्री र राज्यमन्त्रीलाई मुद्दाको अन्तिम किनारा नलागेसम्म कामकाज गर्न रोक लगाउने आदेश दिएको हो।

प्रधानमन्त्रीले गत जेठ ८ गते प्रतिनिधिसभा विघटनपछि जेठ २१ र २७ मा पुनर्गठन गरी समाजवादी जनता पार्टीका ११ जनासहित २० जना मन्त्री नियुक्त गरेका थिए।

"नेपालको संविधानको धारा ७७ को उपधारा (१) बमोजिम नियुक्त प्रतिनिधिसभा विघटनको दोस्रो अवस्थापछि ७७ को (३) बमोजिम प्रधानमन्त्रीको पद रिक्त हुन आएकामा अर्को मन्त्रिपरिषद् गठन नभएसम्म सोही मन्त्रिपरिषद्ले कार्यसञ्चालन गर्नेछ," अदालतको आदेशमा भनिएको छ, "जे जुन अवस्थामा छ, त्यही मन्त्रिपरिषद्बाट कार्यसञ्चालन हुनुपर्छ। विस्तार वा थप गर्नु संविधानअनुकूल भएको देखिएन।"

अधिवक्ता बालकृष्ण न्यौपाने र अधिवक्ता वीरेन्द्रप्रसाद साहले अलग–अलग रूपमा राष्ट्रपतिको कार्यालयलाई विपक्षी बनाइ उक्त रिट दायर गरेका थिए।

## अनेकौं आक्रमण झेलेर पनि विकास र सुशासनको यात्रा बढिरहेको छ –प्रधानमन्त्री



प्रधानमन्त्री केपीशर्मा ओलीले हरेक दिन मुद्दा मामिला, झूटा आरोप र अनेकौं आक्रमण झेलेर पनि देशलाई विकास र सुशासनतर्फ अघि बढाइरहेको बताएका छन्।

प्रधानमन्त्री निवास बालुवाटारबाटै झापाको गौरादह नगरपालिका–६ स्थित डोरामारी माध्यमिक विद्यालय भवनको मङ्गलवार भर्चुअलरूपमा शिलान्यास कार्यक्रममा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले पछिल्ला तीन वर्षमा मुलुकले काम गर्न सक्ने सरकारको परिचय दिएको बताए। उनले मुलुकलाई ताजा जनादेशमा जान नदिने र पार्टीभित्रैबाट भाँजो हाल्ने प्रयासविरुद्ध लडेर पनि सरकार समृद्धिका लक्ष्यमा प्रतिबद्ध भएको स्पष्ट गरे।

## मङ्गलवार तीनजना सङ्क्रमित पुष्टि

प्रस, वीरगंज, ८ असार/

नारायणी अस्पतालको प्रयोगशालाले परीक्षण गरेकोमा एकजना महिला र दुईजना पुरुष गरी तीनजना सङ्क्रमित




मङ्गलवार तीनजना सङ्क्रमण पुष्टि गरेको छ।

अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले अस्पतालको प्रयोगशालामा ६९ जनाको स्वाब नमूना भएको बताए।

सङ्क्रमितमध्ये पर्साका दुईजना र बाराका एकजना छन्। उनीहरूको सिटी भ्यालू २६ देखि ३५ रहेको डा सिंहले बताए।

## विद्यार्थीलाई अनुगमनमा राख्न महानगर सहमत

प्रस, वीरगंज, ८ असार/

संयुक्त विद्यार्थी सङ्गठन, पर्सालाई



महानगर कार्यालयको मूल गेटमा भेला भएका विद्यार्थीहरू। तस्वीरः प्रतीक

शैक्षिक अनुगमनमा समावेश गर्न वीरगंज महानगरपालिका सहमत भएको छ।

नगरप्रमुख विजयकुमार सरावगी र संयुक्त विद्यार्थी सङ्घर्ष समितिका पदाधिकारी सदस्यहरूबीच मङ्गलवार भएको छलफलमा नगरप्रमुख सरावगीले अनुगमन टोली बनाउने र त्यसमा संयुक्त विद्यार्थी सङ्घर्ष समितिका दुईजनालाई समावेश गर्ने प्रतिबद्धता जाहेर गरे। समितिका प्रवक्ता हेमन्त तामाङले नगरप्रमुख सरावगीले बनाउने १० सदस्यीय अनुगमन टोलीमा संयुक्त विद्यार्थी सङ्घर्ष समितिका दुईजना समावेश हुने बताए।

यसअघि महानगरका शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्द कर्णले अनुगमनमा समितिका सदस्यहरूलाई राख्न नसकिने बताएपछि विद्यार्थीहरूले नगरप्रमुखसँग भेट गर्ने प्रयास गरेका थिए। सो क्रममा आज महानगरमा आधा घण्टा तनाव पनि भयो।

संयुक्त विद्यार्थी सङ्घर्ष समिति पर्साका सदस्यहरू नगरप्रमुखसँग भेट्न जाँदा कार्यालयको मुख्य गेट बन्द गरेर प्रहरी तैनाथ गरिएको थियो। सो क्रममा केहीबेर विवाद भएको र पछि नगरप्रमुखले विद्यार्थीहरूसँग भेटवार्ता गरेका थिए। भेटको क्रममा जेठ ३० गते समितिले राखेका मागहरू आधा सम्बोधन गरेकोमा नगरप्रमुखलाई धन्यवाद दिइएको थियो। समितिले कोभिड सङ्क्रमणको बेलामा महानगरका विद्यालय सञ्चालनबारे नगरप्रमुखको ध्यानाकर्षण गराएको थियो।

आजको वार्तामा पहिले तनाव भएपनि पछि वातावरण सौहार्दपूर्ण भएको प्रवक्ता तामाङले बताए। विद्यार्थी समितिका संयोजक विकाश तिवारी, सहसंयोजक कविराज पटेललगायत नगरप्रमुखसँगको वार्तामा सहभागी थिए।

## १० किलो चरेससहित दुईजना युवक पक्राउ

प्रस, रक्सौल, ८ असार/

नेपाल–भारत सीमामा रहेको भारतको सीमा सुरक्षा बल (एसएसबी)को २७औं बटालियनले १० किलो चरेससहित दुईजना युवकलाई पक्राउ गरेको छ।

रक्सौल इस्लामपुर निवासी समीर शेख र केशव भन्नेलाई रक्सौलको बाइपासबाट १० किलो चरेससहित पक्राउ गरिएको एसपी नवीनचन्द्र झाले बताए। नेपालबाट सो चरेस भारत भित्र्याइएको आशङ्का गरिएको छ। एसपी झाले बरामद चरेस लखनऊ लैजाने कार्यक्रम रहेको बताए।

यसअघि, तीन किलो चरेस पक्राउ भएको थियो र त्यो पनि लखनऊ लैजान लागिएको उनले दाबी गरे।

२० वटा प्याकेटमा १० किलो चरेस बरामद भएको र उनीहरूलाई कसूर अनुसार कारबाई प्रक्रिया अगाडि बढाइएको एसपी झाले बताए। डिपुटी कमान्डेड मनोज कुमार, इन्स्पेक्टर राज कुमार, सहायक इन्स्पेक्टर कैलाश गिरी, एसडिपिओ सहएसपी सागर कुमार, इन्स्पेक्टर शशिभूषण, एएसआई मधुसूदन गुप्तालगायतको टोलीले चरेस बरामद गरेको बताइएको छ।

## कोरोना जित्नेभन्दा नयाँ सङ्क्रमितको सङ्ख्या बढ्यो

प्रस, मकवानपुर, ८ असार/

मकवानपुरमा कोरोना सङ्क्रमणमुक्त हुनेभन्दा पनि नयाँ कोरोना सङ्क्रमितको सङ्ख्या बढेको देखिएको छ।

मङ्गलवारको परीक्षण रिपोर्टले जिल्लाको अवस्था यस्तो देखिएको हो।

जिल्लामा मङ्गलवार ११३ जना कोरोनामुक्त भएका छन् भने १२० जनामा कोरोना सङ्क्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ। कार्यालयका अनुसार मङ्गलवार ९४ जनाको पिसिआर परीक्षण गरिएकोमा ४३ जनामा सङ्क्रमण फेला परेको छ।

त्यसैगरी १८२ जनाको एन्टिजेन परीक्षणबाट ७७ जनामा सङ्क्रमण देखिएको र दुवै परीक्षण गरी एकै दिन १२० जनामा कोरोना पुष्टि भएको हो।

पछिल्लो २४ घण्टामा मकवानपुरमा पिसिआर र एन्टिजेन विधिबाट २७६ जनामा कोरोना परीक्षण गरिएको थियो। पछिल्लोपटक कोरोना सङ्क्रमण नियन्त्रणमा आएको भनिए पनि मकवानपुरको अवस्था खासै सन्तोषजनक नभएको स्वास्थ्यकर्मीहरूले बताएका छन्। मङ्गलवारको रिपोर्ट अनुसार सङ्क्रमणदर ४३ प्रतिशतभन्दा बढी देखिएको छ।

## युवक हत्यामा पुजारीसमेत दुईजना पक्राउ

प्रस, वीरगंज, ८ असार/

बारा जिल्ला विश्रामपुर गाउँपालिका–२ बरैनियास्थित हनुमान मन्दिरका पुजारी र अर्का एक व्यक्तिलाई प्रहरीले युवक हत्याको आरोपमा पक्राउ गरेको छ।



हत्याको आरोपमा पक्राउ परेका दुवैजना। तस्वीरः सौजन्य

बारा जिल्लाका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक गौतम मिश्रले आफूसहितको टोलीले अनुसन्धान गर्दा विश्रामपुर गापा–२ बरैनियाका २५ वर्षीय भादो भन्ने वीरेन्द्र बैठाको असार ३ गते भएको हत्यामा मन्दिरका पुजारी ७२ वर्षीय वीरबहादुर यादव (दास बाबा) र ३५ वर्षीय फेटा गापा–३ फूलवरियाका पारस महतो धानुक कसूरवार देखिएपछि असार ७ गते पक्राउ गरेको बताए।

उनले मृतक बैठाले मन्दिरमा पुजारीले प्रयोग गर्ने गाँजा र पैसा चोर्दै आएको र सो दिन पनि चोरी गर्न आउँदा पुजारी दास बाबाले फलामे चिमटाले प्रहार गर्दा बैठा घाइते भई लडेको र मन्दिरमा भएका अर्का पारस महतो धानुकले बाँसको फाटाले हिर्काएको कारण निजको मृत्यु भएको उनीहरूले बयान उद्धृत गर्दै बताए।

अभियुक्तहरूले कसूर स्वीकार गरेको प्रनाउ मिश्रले बताए।

पक्राउ परेका धानुक र पुजारी दास बाबालाई कर्तव्य ज्यान मुद्दामा कारबाई अगाडि बढाएको प्रवक्ता मिश्रले बताए।




## स्रोत नखुलेको रकमसहित ज्वेलर्सका सञ्चालक पक्राउ

प्रस, महोत्तरी, ८ असार/

महोत्तरीमा स्रोत नखुलेको करीब रु ४० लाखसहित एकजना ज्वेलर्स सञ्चालक युवक पक्राउ परेका छन्। पक्राउ पर्ने धनुषा जिल्लाको मुखियापट्टि मुसरनिया गापा वडा नं १ बस्ने ३८ वर्षीय सञ्जयकुमार साह रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

मटिहानी–जनकपुर सडकखण्डमा साह मङ्गलवार दिउँसो शङ्कास्पद अवस्थामा देखिएपछि चेकजाँच गर्दा स्रोत नखुलेको रकम फेला परेको प्रहरी उपरीक्षक दिनेशकुमार आचार्यले बताएका छन्। साह जनकपुरमा धनलक्ष्मी ज्वेलर्सका सञ्चालन हुन्। मोटरसाइकमा मटिहानीबाट जनकपुरतर्फ आउँदै गरेको उनलाई मटिहानी नगरपालिका वडा नं ९ स्थित विग्ही नदीको पुलबाट प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ।

प्रहरी चौकी मटिहानीका प्रमुख एवं प्रहरी नायब निरीक्षक सुमन सिंह नेतृत्वको प्रहरी टोलीले शङ्का लागेर चेकजाँच गरेको थियो। साहको साथबाट स्रोत नखुलेको रु ३९ लाख ८० बरामद गरेको जनाइएको छ।

## वीरगंज महानगरमा निश्शुल्क भोजन सेवा बन्द

प्रस, वीरगंज, ८ असार/

निषेधाज्ञा खुकुलो भएसँगै वीरगंज महानगरमा निश्शुल्क भोजन गराउने कार्य बन्द हुँदैछ।

विभिन्न सङ्घसंस्थाले वैशाख १६ गतेदेखि निषेधाज्ञा शुरू भएपछि त्यसको एक सातापछि निश्शुल्क भोजन व्यवस्था गर्दै आएका थिए। अस्पतालका कुरुवा, सडकपेटीमा दिन बिताउने, दीनदुःखी, दैनिक ज्याला मजदूरी गर्नेहरूलाई निश्शुल्क भोजन गराउँदै आएको संस्थाले निषेधाज्ञा खुकुलो भएसँगै सेवा बन्द गर्न थालेका छन्।

यसै क्रममा अहिले महानगरमा रेलवे कटेजले मात्र निश्शुल्क भोजन सेवालाई निरन्तरता दिएको छ। रेलवे कटेजका सञ्चालक ओमप्रकाश सर्राफले निषेधाज्ञा जारी रहुन्जेलसम्म भोजन गराउने बताए। उनले पहिलो चरणमा दाताहरूबाट सहयोग प्राप्त भएपनि पछिल्लो समयमा आफ्नो खर्चमा निश्शुल्क भोजनलाई निरन्तरता दिँदै आएको र निषेधाज्ञा जारी रहुन्जेलसम्म निश्शुल्क भोजन गराउने बताए। उनले अहिले बिहान करीब डेढ सय मानिसलाई शङ्कराचार्यद्वारदेखि पावरहाउस चोकसम्म भोजन गराउँदै आएको बताए। यसका साथै रात्रि भोजन भने फोन गरेर आग्रह गर्नेलाई उपलब्ध गराउने गरेको उनले जानकारी गराए। वीरगंज महानगरमा समर्पण सेवा संस्था र साहिब दरबार सेवा संस्थानले निषेधाज्ञा शुरू भएको एक सातापछि सर्वप्रथम निश्शुल्क भोजनको सुरुआत गरेका थिए। ती संस्थाले ४६ दिनपछि निश्शुल्क भोजन बन्द गरेका थिए।

यसका अतिरिक्त कोभिड एक्शन टीम (क्याट)ले पनि १९ दिन निश्शुल्क भोजन गरायो। क्याट किचनको नाममा १९ दिन निश्शुल्क भोजन गराएको र निषेधाज्ञा खुकुलो भएपछि बन्द गरिएको क्याटका सदस्य तबरेज अहमदले बताए।



निश्शुल्क भोजन वितरण गर्दै रेलवे कटेजका सञ्चालक सर्राफ। तस्वीरः प्रतीक

नेपाली काङ्ग्रेस, पर्सा क्षेत्र नं १ ले गत सोमवारदेखि निश्शुल्क भोजन बन्द गरेको छ। क्षेत्रीय सभापति विजय सर्राफले महाधिवेशनको सिलसिलामा काठमाडौं जानुपरेकोले तत्काल निश्शुल्क भोजन बन्द गरेको बताए। उनले आवश्यकता परे पुनः सेवा सुचारु गर्ने बताए।

यसैगरी, वीरगंजमा हन्ड्रेड्स ग्रुपले पनि २९ दिनपछि निश्शुल्क भोजन बन्द गरेको छ। साँझको खाना र दिउँसो महानगरमा खटेका सुरक्षाकर्मीलाई खाजा, पानीको प्रबन्ध गर्दै आएको ग्रुपका कोषाध्यक्ष आशिष गुप्ताले बताए।

यसैगरी, वीरगंजमा दुई वर्षदेखि सद्भाव समितिले साप्ताहिकरूपमा शनिवार निश्शुल्क भोजन गराउने कार्यलाई हालसम्म निरन्तरता दिएको संस्थाका रमेश जाटियाले बताए।